**"प्रतिनिधि सभा सदस्य निर्वाचन प्रचार प्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२"**

**निर्वाचन आयोगबाट स्वीकृत**

**मितिः २०८२।१०।२०**

**<u>प्रस्तावनाः</u>** प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दल एवम् उम्मेदवारबाट हुने निर्वाचन प्रचार प्रसारको लागि प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगको रकम र त्यस्तो प्रचार प्रसारको लागि राजनीतिक दल एवम् उम्मेदवारहले गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाई निर्वाचनमा सुशासन कायम गर्न तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ को प्रभावकारी कार्यान्वयन गरी निवार्चनको कार्यलाई व्यवस्थित र मर्यादित बनाउन वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"प्रतिनिधि सभा सदस्य निर्वाचन प्रचार प्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि निर्वाचन प्रचार प्रसारका लागि राजनीतिक दल र उम्मेदवारले सञ्चालन गर्नुपर्ने बैङ्क खाताको सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "आचारसंहिता" भन्नाले निर्वाचन आचारसंहिता, २०८२ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ग) "उम्मेदवार" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि उम्मेदवारको अन्तिम सूचीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ।

(घ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ सम्झनु पर्छ।

(ङ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई सम्झनु पर्छ।

निर्वाचन आयोग, नेपाल

(च) “बैङ्क खाता” भन्नाले यस कार्यविधि बमोजिम निर्वाचन प्रचार प्रसारको लागि नेपाल राष्ट्र बैङ्कद्वारा इजाजत प्राप्त "क" "ख" वा "ग" वर्गका बैङ्क तथा वित्तीय संस्थामा खोलिएको खाता सम्झनु पर्छ।

(छ) "राजनीतिक दल" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि दर्ता भइ उम्मेदवारी दिएका राजनीतिक दल सम्झनु पर्छ।

## परिच्छेद-२

## बैङ्क खाता सम्बन्धी व्यवस्था

३. बैङ्क खाता खोल्न निवेदन दिनु पर्नेः बैङ्क खाता खोल्नका लागि राजनीतिक दलले आयोगको सचिवालयमा अनुसूची-१ बमोजिमको ढाँचामा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातको प्रतिलिपि संलग्न गरी निवेदन दिनु पर्नेछः-

(क) राजनीतिक दलको हकमा राजनीतिक दलको पत्र,

(ख) उम्मेदवारको हकमा उम्मेदवारी दिएको निस्सा वा परिचयपत्र,

(ग) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको दस्तखत नमूना कार्ड,

(घ) बैङ्क खाता सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

४. बैङ्क खाता खोल्न सिफारिस गर्नेः (१) दफा ३ बमोजिम निवेदन प्राप्त भएमा कागजात जाँच गरी बैङ्क खाता खोल्न सिफारिस गर्नुपर्ने देखिएमा दस्तखत नमूना कार्ड प्रमाणित गरी आयोगको सचिवालयले अनुसूची-३ बमोजिमको ढाँचामा र निर्वाचन कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा बैङ्क तथा वित्तीय संस्थामा सिफारिस गरी सो को जानकारी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएपछि बैङ्क तथा वित्तीय संस्थाले खाता खोली राजनीतिक दलको खाता भएमा आयोगको सचिवालय र उम्मेदवारको खाता भए सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी पठाउनु पर्नेछ।

५. बैङ्क खाता सञ्चालकः (१) बैङ्क खाता सञ्चालन गर्न राजनीतिक दलको हकमा सो दलबाट तोकिएका बढीमा दुई जनासम्म पदाधिकारी र उम्मेदवारका हकमा सम्बन्धित उम्मेदवार वा निजले अख्तियारी दिएको व्यक्ति रहनेछन्।

(२) उपदफा (१) बमोजिमको बैङ्क खाता सञ्चालन गर्दा राजनीतिक दलको हकमा दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी र उम्मेदवारको हकमा निज वा निजले तोकेको आधिकारिक व्यक्तिको एकल वा बढीमा दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी सञ्चालन गर्न सक्नेछन्।

## परिच्छेद-३

## बैङ्क खाताबाट हुने आम्दानी खर्चको कारोबार सम्बन्धी व्यवस्था

६. नेपाली मुद्रामा कारोबार गर्नुपर्नेः (१) निर्वाचन प्रचार प्रसारको लागि बैङ्क खाताबाट हुने देहायका कारोबार नेपाली मुद्रामा गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार प्रसारका लागि प्राप्त गर्ने स्वेच्छिक आर्थिक सहयोगको रकम।

(ख) निर्वाचनको प्रचार प्रसारका क्रममा हुने खर्च रकम चेक, ड्राफ्ट, टि.टि. लगायतका विनिमेय साधन र बिद्युतीय माध्यमबाट गरिने भुक्तानी।

(२) राजनीतिक दल तथा उम्मेदवारले कुनै नेपाली नागरिक वा सङ्गठित संस्थाबाट पच्चीस हजार रुपैयाँभन्दा बढी स्वेच्छिक आर्थिक सहयोग रकम प्राप्त गर्दा सोझै बैङ्क खातामा प्राप्त गर्नुपर्ने र सो भन्दा कम रकमका लागि नगदी रसीद वा भरपाई दिई बैङ्क खातामा जम्मा गर्नुपर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३८ को उपदफा (२) मा उल्लिखित देहायका सरकारी कार्यालय, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिनु हुँदैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कुनै पनि निकाय वा कार्यालय,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था,

(ग) सर्वसाधारणको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,

(घ) कुनै सरकारी वा सामुदायिक विश्वविद्यालय, क्याम्पस, विद्यालय वा प्राज्ञिक वा शैक्षिक संस्था,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था,

(च) विदेशी सरकार, संस्था वा व्यक्ति,

(छ) नाम नखुलेको व्यक्ति वा संस्था,

(ज) आयोगले तोकेको अन्य संस्था ।

(४) यस दफा बमोजिम कुनै नेपाली नागरिक वा सङ्गठित संस्थाबाट एकलाख रुपैयाँभन्दा बढी आर्थिक सहयोग लिंदा त्यस्तो सहयोग दिने व्यक्ति वा संस्थाको नाम, थर, ठेगाना, पेशा, स्थायी लेखा नम्बर तथा त्यस्तो आर्थिक सहयोग दिइएको रकमको स्रोत र त्यस्तो रकममा कर लाग्ने, नलाग्ने कुराहरू खुलाउन लगाएर मात्र लिनु पर्नेछ र त्यस्तो विवरणको अभिलेख समेत राख्नु पर्नेछ।

७. **<u>बैङ्क खाता सम्बन्धी विवरण तथा कागजातहरू गोप्य रहने:</u>** बैङ्क खाताका सम्बन्धमा राजनीतिक दल तथा उम्मेदवारले आयोग, निर्वाचन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरेका कागजात र बैङ्क तथा वित्तीय संस्थामा रहने अभिलेखहरू प्रचलित कानून बमोजिम बाहेक अनतिक्रम्य र गोप्य रहनेछन्।

तर आयोग वा आयोगद्वारा अधिकार प्राप्त अधिकारीले आयोगले तोके बमोजिम बैङ्क खाता जाँच वा परीक्षण गर्न सक्नेछन्।

## परिच्छेद-४

## <u>विविध</u>

८. **<u>साविकका खाता र सो को कारोबार सम्बन्धी व्यवस्था:</u>** राजनीतिक दल तथा उम्मेदवारले यो कार्यविधि लागू हुनु भन्दा अघि निर्वाचन प्रचार प्रसार खर्च गर्ने प्रयोजनका लागि बैङ्क खाता खोली प्राप्त गरेको रकम यस कार्यविधि बमोजिम खोलिएको बैङ्क खातामा सार्नु पर्नेछ।

९. **<u>सहयोग गर्नुपर्ने:</u>** यस कार्यविधिको कार्यान्वयन गर्न सम्बन्धित निकाय, राजनीतिक दल, उम्मेदवार, बैङ्क तथा वित्तीय संस्था समेतले समन्वय, सहयोग र सहजीकरण गर्नु पर्नेछ।

१०. **<u>बैङ्क खाता बन्द गर्ने:</u>** (१) राजनीतिक दल तथा उम्मेदवारले प्रचलित कानून बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको विवरण सार्वजनिक गरी सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राजनीतिक दल तथा उम्मेदवारले बुझाएको निर्वाचन प्रचार प्रसार खर्चको विवरणको प्रतिवेदन तयार भएको पैंतिस दिनभित्र आयोग र कार्यालयले बैङ्क खाता बन्द गर्न लगाउनेछ।

तर बैङ्क खाता सम्बन्धी विवरण सामान्यतया छ वर्षसम्म सुरक्षित गरी राख्नु पर्नेछ।

११. **<u>जुनसुकै बखत खाता बन्द गर्न लगाउन सक्ने:</u>** प्रचलित कानून बमोजिम राजनीतिक दल खारेज भएमा वा उम्मेदवारको उम्मेदवारी रद्द भएमा आयोगले जुनसुकै बखत बैङ्क खाता बन्द गर्न लगाउनेछ।

१२. **<u>कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौं जिल्लाको लागि थप व्यवस्था:</u>** कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौं जिल्लाको हकमा सो जिल्लाका निर्वाचन क्षेत्रलाई देहाय बमोजिम विभाजन गरिएको छः

| क्र.सं. | कोष तथा लेखा नियन्त्रक कार्यालय र ठेगाना | निर्वाचन क्षेत्र नं. |
|---|---|---|
| १. | कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल | १ र २ |
| २. | कोष तथा लेखा नियन्त्रक कार्यालय, सुन्धारा | ३ र ४ |
| ३. | कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर | ५ र ६ |
| ४. | कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरवार | ७ र ८ |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर | ९ र १० |

१३. **<u>बैङ्क खाताबाट भएको कारोबारको अनुगमनः</u>** (१) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले निर्वाचन आचरसंहिता अनुगमन अधिकृतको रूपमा निर्वाचन प्रचार प्रसार खर्चको निरन्तर अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको अनुगमन गर्ने कार्यशर्तहरू देहाय बमोजिम हुनेछः

(क) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २६ बमोजिम राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरे नगरेको यकिन विवरण तयार गर्ने,

(ख) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २७ को व्यवस्था कार्यान्वयनको लागि राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचारप्रसारका लागि प्रचलित निर्वाचन कानून विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिए नलिएको बारे आवश्यक सूचना सङ्कलन गर्ने,

(ग) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २९ को व्यवस्था बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा आयोगले तोकेको हदभित्र रही खर्च गरे नगरेको बारे आवश्यक सूचना सङ्कलन गर्ने,

(घ) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३० को व्यवस्था बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निषेधित कार्यको लागि आर्थिक सहयोग लिए नलिएको सूचना सङ्कलन गर्ने,

(ङ) आचारसंहिताको दफा १३ को खण्ड (भ) बमोजिम उम्मेदवारले निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि गरेको खर्चको बेलाबेलामा जाँचबुझ गरी यकिन विवरण तयार गर्ने,

(च) आचारसंहिताको दफा १६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम राजनीतिक दलले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गरे नगरेको यकिन विवरण तयार गर्ने,

(छ) आचारसंहिताको दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिम जिल्लाभित्रका उम्मेदवारले निर्वाचन खर्च गर्दा बैङ्क तथा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गरे नगरेको यकिन विवरण तयार गर्ने,

(ज) आचारसंहिताको दफा १६ को उपदफा (१) को खण्ड (ग) बमोजिम उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोके नतोकेको यकिन विवरण तयार गर्ने,

निर्वाचन आयोग, नेपाल

(झ) माथि खण्ड (क) देखि (ज) सम्मका विषयमा तत्काल कारवाही गर्नु पर्ने भए जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजकको समन्वयमा आवश्यक कारवाही गर्ने,

(ञ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन खर्च विवरणको यथार्थता, आर्थिक सहयोग सङ्कलन कानून सम्मत रहे नरहेको विवरण र निर्वाचन आचारसंहिताको कार्यान्वयन सम्बन्धमा गरेका कामकारवाहीको जिल्लागत पाक्षीक प्रतिवेदन जिल्ला आचारसंहिता अनुगमन समिति र केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष पेश गर्ने।

निर्वाचन आयोग, नेपाल

## अनुसूची-१

**(दफा ३ सँग सम्बन्धित)**

राजनीतिक दलले बैङ्क खाता खोल्नका लागि आयोगमा दिने निवेदनको ढाँचा

श्री निर्वाचन आयोग,

कान्तिपथ, काठमाडौं।

मितिः

विषयः निर्वाचन प्रचार प्रसार बैङ्क खाता खोल्ने सिफारिस उपलब्ध गराइदिनु हुन।

प्रस्तुत विषयमा संवत् २०८२ साल फागुन महिनाको २१ गते बिहीबारका दिन हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा श्री................................................ नामक राजनीतिक दल को तर्फबाट निर्वाचन प्रचार प्रसारमा हुने आम्दानी खर्च कारोबार गर्न निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ को (ख) बमोजिम श्री ......................................... (बैङ्क तथा वित्तीय संस्थाको नाम) .................... (ठेगाना) मा देहायमा उल्लिखित पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैङ्क खाता खोल्ने सिफारिस उपलब्ध गराइदिनु हुन देहायका विवरण र दस्तखत नमूना कार्ड यसैसाथ संलग्न गरी निवेदन पेश गरिएको छ।

**तपसिलः**

खाता सञ्चालकको विवरणः

समूह क

१. नाम, थरः

२. दलमा निजको पदः

३. स्थायी ठेगानाः

४. नेपाली नागरिकता प्रमाणपत्र नं.:

५. स्थायी लेखा नम्बरः

समूह ख

१. नाम, थरः

२. दलमा निजको पदः

३. स्थायी ठेगानाः

४. नेपाली नागरिकता प्रमाणपत्र नं.

५. स्थायी लेखा नम्बरः



निर्वाचन आयोग नेपाल

<u>निवेदक</u>

राजनीतिक दलको नाम:

आधिकारीक पदाधिकारीको हस्ताक्षर:

दलको छाप:

निर्वाचन आयोग, नेपाल

**अनुसूची-२**

**(दफा ३ सँग सम्बन्धित)**

**<u>उम्मेदवारले बैङ्क खाता खोल्नका लागि निर्वाचन कार्यालयमा दिने निवेदनको ढाँचा</u>**

प.सं.:

च.नं.:

श्री प्रदेश/ जिल्ला निर्वाचन कार्यालय,

.................. जिल्ला।

मितिः

विषयः निर्वाचन प्रचार प्रसार खाता खोल्ने सिफारिस उपलब्ध गराइदिनु हुन।

प्रस्तुत विषयमा संवत् २०८२ साल फागुन महिनाको २१ गते बिहीबारका दिन हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा श्री................................राजनीतिक दलको तर्फबाट पहिलो हुने निर्वाचित हुने प्रणाली तर्फका लागि उम्मेदवार........................... / स्वतन्त्र उम्मेदवार...................... लाई निर्वाचन प्रचार प्रसारका लागि हुने आम्दानी खर्च कारोबार गर्न निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ को (ख) बमोजिम श्री ..........................................................................(बैङ्क तथा वित्तीय संस्थाको नाम) ..........................................................................(ठेगाना) मा बैङ्क खाता खोली एकल वा संयुक्त दस्तखतबाट सञ्चालनको व्यवस्था हुन देहायका विवरण सहित आवश्यक कागजात र दस्तखत नमूना कार्ड यसैसाथ सँलग्न छ। सो अनुसार खाता सञ्चालनको सिफारिस उपलब्ध गराइदिनु हुन अनुरोध छ।

१. उम्मेदवारको विवरणः

(क) उम्मेदवारको नाम, थरः

(ख) दलबाट प्रतिनिधित्व गर्ने / स्वतन्त्र हैसियत

(ग) स्थायी ठेगानाः

(घ) हाल बसोबास रहेको ठेगानाः

(ङ) नेपाली नागरिकता प्रमाणपत्र नं.:

(च) स्थायी लेखा नम्बरः

२. निर्वाचन सम्बन्धी खर्च गर्ने जिम्मेवार पदाधिकारीको विवरणः

(क) पदाधिकारीको नाम, थरः

(ख) स्थायी ठेगानाः

निर्वाचन आयोग, नेपाल

(ग) हाल बसोबास रहेको ठेगानाः

(घ) नेपाली नागरिकता प्रमाणपत्र नं.:

(ङ) स्थायी लेखा नम्बरः

<u>बोधार्थः</u>

श्री निर्वाचन अधिकृतको कार्यालय, ........ जिल्ला, निर्वाचन क्षेत्र नं.......

श्री ......... निर्वाचन कार्यालय, ................ जिल्ला

निर्वाचन आयोग, नेपाल

**अनुसूची-३**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**बैङ्क तथा वित्तीय संस्थामा खाता खोल्न सिफारिसको ढाँचा**

प.सं.:

च.नं.: मितिः

विषयः निर्वाचन प्रचार प्रसार बैङ्क खाता खोली सञ्चालन गरिदिनु हुन।

श्री ................................... बैङ्क/वित्तीय संस्था,

.............................. ठेगाना।

प्रस्तुत विषयमा संवत् २०८२ साल फागुन महिनाको २१ गते बिहीबारका दिन हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा श्री ........................................ नामक राजनीतिक दलबाट आयोगमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ को (ख) बमोजिम दलले निर्वाचन प्रचार प्रसारका लागि हुने आम्दानी खर्चको कारोबार गर्न देहायमा उल्लिखित पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी निर्वाचन प्रचार प्रसार बैङ्क खाता खोली दिन देहायका विवरण सहितका कागजात र प्रमाणित दस्तखत नमूना कार्ड संलग्न राखी सिफारिस गरिएको छ । बैंङ्क खाता खोलेको जानकारी आयोगलाई उपलब्ध गराइदिनु हुन अनुरोध छ।

खाता सञ्चालकको विवरणः

समूह क

१. नाम, थरः

२. दलमा निजको पद वा दर्जा वा जिम्मेवारीः

३. स्थायी ठेगानाः

४. नेपाली नागरिकता प्रमाणपत्र नं.

५. स्थायी लेखा नम्बरः

समूह ख

१. नाम, थरः

२. दलमा निजको पदः

३. स्थायी ठेगानाः

४. नेपाली नागरिकता प्रमाणपत्र नं.

५. स्थायी लेखा नम्बरः

निर्वाचन आयोग नेपाल

..........................

सिफारिस गर्ने अधिकारी

बोधार्थः

श्री निर्वाचन अधिकृतको कार्यालय, .............. जिल्ला निर्वाचन क्षेत्र नं........

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, .............. जिल्ला।

निर्वाचन आयोग, नेपाल

**अनुसूची-४**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>बैङ्क तथा वित्तीय संस्थामा खाता खोल्न गर्ने सिफारिसको ढाँचा</u>**

प.सं.:

च.नं.: मितिः

बिषयः निर्वाचन प्रचार प्रसार खाता खोली सञ्चालन गरिदिनु हुन।

श्री ................................... बैङ्क/वित्तीय संस्था,

.............................. ठेगाना

प्रस्तुत विययमा संवत् ........... साल .......... महिनाको ....... गते ........बारका दिन हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन- २०८२ को लागि ...............राजनीतिक दलको तर्फबाट पहिलो हुने निर्वाचित हुने प्रणाली तर्फका लागि उम्मेदवार........................... / स्वतन्त्र उम्मेदवार...................... लाई निर्वाचन प्रचार प्रसारका आचारसंहिता, २०८२ को दफा १६ को (ख) बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको आम्दानी खर्च कारोबार गर्न श्री ......................................... (बैङ्क तथा वित्तीय संस्थाको नाम) .................... (ठेगाना) मा छुट्टै निर्वाचन प्रचार प्रसार समूहको बैङ्क खाता खोली एकल वा संयुक्त दस्तखतबाट सञ्चालनको व्यवस्था गरिदिनु हुन देहायका विवरण र सिफारिस सहित आवश्यक कागजातहरू र प्रमाणित दस्तखत नमूना कार्ड यसैसाथ सँलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

१. उम्मेदवारको विवरणः

क. उम्मेदवारको नाम, थरः

ख. दलबाट प्रतिनिधित्व गर्ने वा स्वतन्त्रः

ग. स्थायी ठेगानाः

घ. हाल बसोबास रहेको ठेगानाः

ङ. नेपाली नागरिकता प्रमाण-पत्र नं. र जारी गर्ने जिल्लाः

च. स्थायी लेखा नम्बरः

२. निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ को खण्ड (ग) र (घ) बमोजिम निर्वाचन प्रचार प्रसार खर्च गर्न जिम्मेवारी तोकिएका पदाधिकारीको विवरणः

क. पदाधिकारीको नाम, थरः

ख. स्थायी ठेगानाः

ग. हाल बसोबास रहेको ठेगानाः



निर्वाचन आयोग, नेपाल

घ. नेपाली नागरिकता प्रमाण-पत्र नं. र जारी गर्ने जिल्लाः

ङ. स्थायी लेखा नम्बरः

| | |
|---|---|
| ............................... | ............................. |
| (...............................) | (...............................) |
| लेखापाल | सिफारिस गर्ने अधिकारी |

बोधार्थः

श्री निर्वाचन अधिकृतको कार्यालय, ..............जिल्ला निर्वाचन क्षेत्र नं........

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ............... जिल्ला।

निर्वाचन आयोग, नेपाल